आज मिति २०७३/१२/२३ गते बिहान ८:०० बजे रिम्लीकोट गाउँपालिकाव, गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री नारायण बहादुर कार्कीको अध्यक्षता र तपसिलको उपस्थितीमा बसी देहाय अनुसार निर्णय गरियो।

उपस्थिती

1. गा.पा. अध्यक्ष श्री नारायण बहादुर कार्की
2. " उपाध्यक्ष श्री कान्ता अधिकारी
3. " प्रवक्ता श्री प्रकाश रायमाझी
4. वडा अध्यक्ष वडा नं: १ श्री चिरञ्जीवी पोखरेल
5. " " " २ श्री ओम प्रकाश पोखरेल
6. " " " ३ श्री नारायण बहादुर कार्की
7. " " " ४ श्री सोम बहादुर कार्की
8. " " " ५ श्री मन बहादुर अस्लामी
9. " " " ६ श्री दान बहादुर कवर
10. " " " ८ श्री न्युरा बहादुर हिटी मगर
11. कार्यपालिका सदस्य श्री मीना राना
12. " " श्री रञ्जना खनाल (आचार्य)
13. " " श्री गोमा थापा
14. " " श्री शर्मिला नेपाली
15. " " श्री सुनिल बस्याल
16. " " श्री गीता कोशल
17. प्र.प्र.अ. श्री मदन अर्याल
18. " श्री पवन अर्याल
19. आमन्त्रित श्री टेक लाल भट्टराई
20. " श्री मञ्जु पन्थी, ले.अ.

**प्रस्तावहरु:**

१) प्रदेश विशेष योजना सम्बन्धमा।

२) प्रदेश समपूरक योजना सम्बन्धमा।

३) विविध।

**निर्णयहरु:**

१. आगामी आ.व. २०८०/८१ का लागि तपसिल बमोजिमका विशेष अनुदानका आयोजना तथा कार्यक्रमको प्रस्ताव गरी आर्थिक मामिला मन्त्रालय, लुम्बिनी प्रदेशमा पठाउने निर्णय गरियो।

तपसिल:

क) प्रविधियुक्त कृषि उपज संकलन केन्द्रहरु ९ ओटा,

ख) ख्याहा स्वास्थ्यचौकी भवन पुनर्निर्माण,

ग) विपन्न वर्ग उत्थान कार्यक्रम,

घ) ठिमुरे स्वास्थ्यचौकी भवन पुनर्निर्माण,

ङ) तालतुङ, दान्सिङ डाँडा खानेपानी आयोजना,

च) भैरवस्थान स्वास्थ्यचौकी भवन पुनर्निर्माण,

छ) सामुदायिक स्वास्थ्य इकाई मैनादी भवन।

२. आगामी आ.व. २०८०/८१ का लागि तपसिल बमोजिमका समपूरक अनुदानका आयोजना तथा कार्यक्रमको प्रस्ताव गरी आर्थिक मामिला मन्त्रालय, लुम्बिनी प्रदेशमा पठाउने निर्णय गरियो।

तपसिल:

| क्र.सं. | योजनाको नाम | कुल लागत (प्रदेश अनुदान र गाउँपालिकाको साझेदारी समेत) |
|---|---|---|
| १ | खौडेली खस्यौली प्राथमिक स्वास्थ्य केन्द्र हुँदै कन्टीपोखरा पोखरा सम्मको मोटरबाटो पिच र ढलान। | रु. १ करोड |
| २ | कन्टीपोखरा देउराली वरपोखरा शान्तीचौर जोगीथुम मोटरबाटो स्तरोन्नती। | रु. १ करोड |
| ३ | भैरवस्थान भारकोट मजुवा पोरकनी हुँदै वडा कार्यालय सम्म मोटरबाटो स्तरोन्तरी। | रु. १ करोड |
| ४ | पालुङ मैनादी हुँदै फेक वडाभवनसम्मको मोटरबाटो स्तर उन्नती गर्ने। | रु. १ करोड |

३. क) प्राकृतिक विपदका कारण परिवारको सदस्यको मृत्यु भई गाउँपालिकाको कार्यालयमा आर्थिक सहायताको लागि निवेदन पेश गर्ने तपसिलका व्यक्तिहरुलाई विपद व्यवस्थापन कोषबाट देहाय बमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो।

तपसिल:

| क्र.सं. | विपद पिडित | | रकम रु. |
|---|---|---|---|
| | नामथर | ठेगाना | |
| १ | ईश्वरी प्रसाद श्रेष्ठ | रिब्दीकोट-३ | २५,०००।- |
| २ | लिले कुमाल | रिब्दीकोट-१ | २५,०००।- |
| ३ | पूर्ण बहादुर पचभैया | रिब्दीकोट-५ | ३०,०००।- |

ख) पाल्पाली संगम काठमाडौंद्वारा राष्ट्रिय सभागृह काठमाडौंमा आयोजना हुने पाल्पा महोत्सव कार्यक्रममा रिब्दीकोट गाउँपालिकाको पर्यटन प्रवर्द्धन र कृषि उपजको प्रदर्शनीको लागि प्रस्तावना तयारी गरी सो बमोजिम लाग्ने खर्च व्यहोर्ने निर्णय गरियो।

ग) मिति २०७९/१२/१८ गते रिब्दीकोट गाउँपालिका वडा नं. ७ कालिका मा.वि. बतासेमा सम्पन्न भएको बृहत निःशुल्क स्वास्थ्य शिविरको लागि भएको प्रचारप्रसार, अतिथि सत्कार तथा खाना खाजामा भएको खर्च एवम् पाठेघरको मुखको क्यान्सर परीक्षण गर्दा लागेको खर्च रकम गाउँपालिकाबाट भुक्तानी गर्ने निर्णय गरियो।

CamScanner